प्रतिदिन १६ औं वार्षिकोत्सव


राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : २९१ ॥ २०८१ मंसिर २७ गते बिहिबार (12th Dec 2024 Thursday) Pratidin National Daily मूल्य-रु.५/-

# पत्रकार महासंघ झापाको अध्यक्षका लागि चारजनाको उम्मेद्वारी



झापा(प्रस) । नेपाल पत्रकार महासंघ झापा शाखाको अध्यक्ष पदका लागि चारजनाले उम्मेद्वारी दिएका छन् । अध्यक्ष पदका लागि एकराज गिरी , डिकेश लामा , राजेन्द्र गौतम र टीकाराम नेतीले उम्मेद्वारी दिएका हुन् । बुधवार भएको मनोनयन दर्तामा दुईवटा प्यानलसंगै अन्य दुईजनाको अध्यक्षमा उम्मेद्वारी परेको हो । सत्तापक्षीय गठबन्धनका तर्फबाट एकराज गिरी र प्रतिपक्षका तर्फबाट डिकेश लामाले उम्मेद्वारी दिएका छन् । सत्तारुढ नेपाली कांग्रेसनिकट प्रेस युनियन र नेकपा एमालेनिकट प्रेस चौतारीको संयुक्त गठबन्धनका तर्फबाट गिरी दोस्रो कार्यकालका लागि अध्यक्षको उम्मेद्वार बनेका छन् ।

त्यस्तै नेकपा माओवादी केन्द्रनिकट प्रेस सेन्टरको नेतृत्वमा नेपाल आदिवासी जनजाति पत्रकार महासंघ फोनिज ,एकीकृत समाजवादीनिकट समाजवादी प्रेस संगठन,स्वतन्त्र पत्रकार समूहलगायतको अर्को प्यानल बनेको हो । जुन प्यानलबाट लामाले अध्यक्षमा उम्मेद्वारी दिएका छन् । लामा वर्तमान कार्यसमितिका सचिव हुन् । गौतम र नेतीले स्वतन्त्र रुपमा उम्मेद्वारी दिएको बताइएको छ । झापा शाखाको २० सदस्यीय कार्यसमितिका ३३ जनाले उम्मेद्वारी दिएका छन् भने १५ जना प्रदेश परिषद सदस्यका लागि १३ जनाको मात्र उम्मेद्वारी परेको छ । त्यस्तै ४ जना केन्द्रीय परिषद सदस्यका लागि ८ जनाले उम्मेद्वारी दिएका छन् ।

निर्वाचन समितिको कार्यालयले सार्वजनिक गरेको नामावली अनुसार उपाध्यक्षमा गणेशमान मुखिया र सुब्रत न्यौपाने , महिला उपाध्यक्षमा विनिशा गौतम , सुशीला संग्रौला र सुनिरा मैनाली , सचिवमा राजु पाठक र प्रदिप परियार , सहसचिवमा नरेन्द्रकुमार ढकाल र रमेश तिवारी , सहसचिव समावेशीमा चिरञ्जीवी घिमिरे र तिलक तामाङ योञ्जन तथा कोषाध्यक्षमा पुष्पलाल खड्का , शम्भुजीत दाहाल र मुक्तिनाथ पौडेलले उम्मेद्वारी दिएका छन् । १५ जना प्रदेश परिषद सदस्यका लागि १३ जनाले मात्र उम्मेद्वारी दिएकोमा सबैजना निर्विरोध भएका छन् । मंसिर २८ गते हुने निर्वाचनका लागि बुधवार मनोनयन दर्ता भएको हो । पत्रकार महासंघको बिर्तामोडस्थित कार्यालयमा बिहान १० बजेदेखि बेलुका ४ बजेसम्म मनोनयन दर्ताको समय तोकिएको थियो । पत्रकार महासंघ झापा शाखामा २२० जना सदस्य रहेका छन् ।

## झापा गाउँपालिकामा अपाङ्गता परिचयपत्र वितरण शुरु



कुमरखोद(प्रस) ।झापा गाउँपालिकामा अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य परीक्षण गरी अपाङ्गता परिचयपत्र वितरण गर्न शुरु गरिएको छ । वुधवार वडा नं २ मा स्वास्थ्य परीक्षण गरी अपाङ्गताको परिचयपत्र वितर्णे कार्य शुरु गरिएको हो ।

अपाङ्गता भएका व्यक्तिहरुका लागि झापा गाउँपालिकाले १८ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । पालिकाले मंसिर २५ गतेदेखि शिविर संचालन गरी पुष ३ गतेसम्म अपाङ्गता भएका व्यक्तिहरुको विवरण दर्ता गर्ने भएको छ । पालिकाले अपाङ्गता भएका व्यक्तिलाई सहज होस् भनेर प्रत्येक वडामा शिविर संचालन गर्ने प्रमुख प्रशासकीय अधिकृत गजेन्द्र थपलियाले बताए ।

शिविरमा स्वास्थ्य परीक्षण , आँखा जाँच गर्नुका साथै निःशुल्क औषधी वितरणसमेत भइरहेको छ । गाउँपालिकाले यस्तो शिविर पहिलोपटक संचालन गरेकाले अपाङ्गता भएका कोही व्यक्ति छुट्न नहुने र छुटेपनि खवर गराएर सहभागी गराउने कार्यवाहक अध्यक्ष अन्जुदेवी थपलियाले बताइन् ।

झापा गाउँपालिका , कोशी प्रदेशको सामाजिक विकास मन्त्रालय र करुणा फाउन्डेसन नेपालको त्रिपक्षीय लागत साक्षेदारी तथा राष्ट्रिय अपाङ्गता महासंघ नेपालको प्राविधिक सहयोगमा यो कार्यक्रम गरिएको कावा अध्यक्ष थपलियाले जानकारी दिएकी छन् ।

## बिरिङ पुलमा बसको ठक्करबाट बाबुछोरा घाइते

झापा(प्रस) । कन्काई नगरपालिका वडा नम्वर ८ स्थित बिरिङ पुलमा यात्रुबाहक बसको ठक्करबाट बाबुछोरा घाइते भएका छन् । बुधवार बिहान १०.३० बजे बिरिङ पुलस्थित पूर्वपश्चिम राजमार्गमा बिर्तामोडबाट सुरुङ्गातर्फ जाँदै मे. १ ख १७३० नम्बरको यात्रुवाहक बसले सोही दिशातर्फ जाँदै गरेको मे.१० प १५९४ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको थियो । ठक्करबाट मोटरसाइकल चालक मेचीनगर नगरपालिका वडा नम्बर ११ बस्ने ३० वर्षीय भिमप्रसाद खनाल र उनका बुवा ६३ वर्षीय कृष्णप्रसाद खनाल गंभीर घाइते भएका छन् । भिमप्रसादको अनुहार, दाहिने हात, बायाँ खुट्टामा चोट लागेको छ भने कृष्णप्रसादको टाउको, दाहिने खुट्टामा चोट चोट लागेको छ । दुवै जना घाइतेको बीएण्डसी अस्पताल बिर्तामोडमा उपचार भइरहेको छ ।

बस र बस चालक कन्काई नगरपालिका वडा नं.२ सुरुङ्गा बस्ने ४१ वर्षीय चन्द्रप्रसाद ढकाललाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय सुरुङ्गामा राखिएको प्रहरीले जनाएको छ ।

## सिमेन्टको मूल्य घटाउने सहमति



झापा(प्रस) । सिमेन्ट उद्योगी व्यवसायीहरूले सिमेन्टको मूल्य घटाउने सहमति गरेका छन्।

बुधबार निर्माण व्यवसायी महासंघ र सिमेन्ट उत्पादक संघबीचको उद्योग मन्त्रालयमा भएको छलफलमा सिमेन्टको मूल्य घटाउने सहमति भएको निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहले बताए।

छलफलपछि पत्रकारहरूसँग कुराकानी गर्दै अध्यक्ष सिंहले काठमाडौं उपत्यकामा ओपिसी सिमेन्ट ७०० रुपैयाँमा उपलब्ध गराउने सिमेन्ट व्यवसायीहरूले प्रतिबद्धता गरेको बताए।उनकाअनुसार काठमाडौं उपत्यकामा अब ६०० रुपैयाँमा पिसिसी सिमेन्ट उपलब्ध हुनेछ। आफूहरुले सिमेन्ट उद्योगीहरू धरासायी हुने गरेर बजार भाउ नघटाउन र निर्माण व्यवसायीलाई मार पर्ने गरी नबढाउन सुझाव दिएको सिंहको भनाइ छ।

'सिमेन्ट उत्पादकहरूले अत्याधिक मूल्य वृद्धि गर्नुभएको छ, त्यस विषयमा दुवै पक्षबीच छलफल भएको छ। काठमाडौंमा ७ सय रुपैयाँमा ओपिसी सिमेन्ट उपलब्ध गराउने भनेर उहाँहरूले प्रतिवद्धता जनाउनुभएको छ। काठमाडौंको भाडा भैरहवा र वीरगञ्ज कोरिडोरबाट १४० रुपैयाँ हुँदा सिमेन्टको मूल्य पाँच सय ४० रुपैयाँमा फ्याक्ट्रिमा हुने भएको छ। अहिले यसको मूल्य ६ सय ८० रुपैयाँ रहेको छ,' उनले भने।

उनका अनुसार सिमेटको मूल्य समायोजन गर्न बैठक गरिएको थियो। 'सिमेन्ट व्यवसायीहरूले काठमाडौंमा ७०० रुपैयाँमा ओपिसी सिमेन्ट र ६०० रुपैयाँमा पिसिसी सिमेन्ट उपलब्ध गराउने हाम्रो बीचमा सहमति भएको छ, त्यो स्वागतयोग्य छ,' उनले भने।सिमेन्ट उत्पादक संघले नयाँ मूल्यसूची छिट्टै कार्यान्वयन गर्ने सिंहले विश्वास व्यक्त गरेका छन्। सिमेन्टको मूल्य प्रतिबोरा ७८० रुपैयाँसम्म पुगेको थियो।

## एक्सेल बैंकद्वारा डस्टबिन वितरण



अर्जुनधारा(प्रस)।एक्सेल डेभलपमेन्ट बैंकले आफ्नो सामाजिक उत्तरदायित्वअन्तर्गत फोहोर व्यवस्थापनमा सहयोग पुर्याउन डस्टबिन वितरण गरेको छ । अर्जुनधारा नगरपालिकाको शनिश्चरे बजारभित्रका विभिन्नस्थानहरूमा १० थान डस्टबिन वितरण गरिएको हो ।

इलाम-झापा मैत्री समाजका अध्यक्ष पर्शुराम खरेल, अर्जुनधारा ८ का वडाध्यक्ष कुमारप्रसाद उप्रेती , वडा न. ७ का वडाध्यक्ष गोविन्दप्रसाद खतिवडालगायतको उपस्थितिमा ती डस्टबिन वितरण गरिएको हो । उनीहरुले बैंकको यस पहललाई धन्यवाद दिदैं बजारको सफाई र फोहोर व्यवस्थापनमा यस प्रकारको योगदान अत्यन्तै सराहनीय भएको बताए । एक्सेल बैंकसँग थप सहकार्य गर्दै अगाडि बढ्ने उनीहरुको भनाई थियो ।

त्यसैगरी, एक्सेल डेभलपमेन्ट बैंकका नायब प्रमुख कार्यकारी अधिकृत लेखराज कार्कीले स्थानीय बैंक भएकोले स्थानीयको सहयोग अपरिहार्य रहेको बताए । उनले यस बैंक सामाजिक उत्तरदायित्वलाई बहन गर्न प्रतिवद्ध रहेको जनाए । बैंकका बजार व्यवस्थापन विभागका अधिकृत गजेन्द्र ढकालले कार्यक्रमको महत्वबारे प्रकाश पार्दै सफा र हरियाली शहर निर्माण सबैको सामूहिक जिम्मेवारी रहेको हुनाले यस डस्टबिन वितरण कार्यक्रममार्फत बैंकले

❖ बाँकी अन्तिम पृष्ठमा

## यौनजन्य हिंसाबाट आदिवासी-जनजाति बालबालिका बढी पीडित



झापा(प्रस) । झापामा १० देखि १८ वर्ष उमेर समूहका आदिवासी-जनजाति समुदायका बालबालिका बढी यौन हिंसामा परेका छन् । प्रादेशिक अस्पताल भद्रपुरमा सञ्चालन रहेको एकद्वार संकट व्यवस्थापन केन्द्र (ओसीएमसी) अन्तरगत लैङ्गिक हिंसा व्यवस्थापन समिति झापाको वार्षिक समीक्षा बैठकमा सार्वजनिक गरिएको हिंसासम्बन्धी तथ्यांकले त्यस्तो देखाएको हो । जिल्लाको २८ महिनाको तथ्यांक अनुसार बलात्कार, यौन तथा शारीरिक दुर्व्यवहारका ३९७ घटना भएका छन् । ओसीएमसीका फोकल पर्सन निशुसा शाक्यका अनुसार चालु आर्थिक वर्षको कार्तिक मसान्तसम्म जिल्लामा ४७ वटा बलात्कार घटना भएका छन् । यौन दुर्व्यवहारका १२ र शारीरिक दुर्व्यवहारका २ वटा घटना भएका छन् । अघिल्लो आर्थिक वर्ष २०८०-०८१ मा ११४ बलात्कार, ५५ यौन दुर्व्यवहार र १० शारीरिक दुर्व्यवहारका घटना भएका थिए । आर्थिक वर्ष २०७९-०८० मा ११८ बलात्कार, ३६ यौन दुर्व्यवहार, ६ शारीरिक दुर्व्यवहार र ३ मानव बेचबिखनको घटना ओसीएमसीको सम्पर्कमा आएको फोकल पर्सन शाक्यले

❖ बाँकी अन्तिम पृष्ठमा

## प्रेस विज्ञप्ति

मिति- २०८१/०८/२५

**मंसिर २४ गते विभिन्न सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा आएको समाचार अनुसार बिर्तामोड नगरपालिकाका पूर्व मेयर तथा नेकपा एमालेका जिल्ला सदस्य ध्रुवकुमार शिवाकोटीले आफ्नो घरमा काम गर्न राखेको बालिकालाई पटक-पटक जबरजस्ती करणी गरेको र सो बालिका त्यस्तो प्रताडना सहन नसकेर स्कुल गएको मौकामा भागेर भारतमा रहनु भएकी आफ्नी आमासंग जान लागेको अवस्थामा आफन्त र सामाजिक संस्थाका प्रतिनिधिहरुले नेपाल भारत सीमा क्षेत्रबाट उद्धार गरेर सोधपुछ गर्दा बालिकाले शिवाकोटीको कहालीलाग्दो कालो कर्तुत बताएबाट शिवाकोटी दोषी देखिएका छन् । उनलाई तत्काल प्रहरीले गिरफ्तार गरेको अवस्थामा सार्वजनिक भएको छ । यो घटनाको सत्य तथ्य खोजी गरि यस्तो जघन्य अपराध गर्ने शिवाकोटीलाई कडाभन्दा कडा कारबाही गरियोस् । पहुँचको आधारमा दोषीले उन्मुक्ति पाउने कार्य गरे हामी कडा प्रतिकारमा उत्रन बाध्य हुने जानकारी गराउँदछौं । साथै उक्त बालिकाको स्वास्थ्य अवस्था चेकजाँच गरी उनको प्रभावकारी उपचारका साथै जीउज्यानको सुरक्षासमेत आवश्यक सुरक्षा व्यवस्था गरियोस् ।**

**स्मरण रहोस् लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान र त्यस सम्बन्धी विषयमा विभिन्न छलफल र गोष्ठीहरु चलिरहेकै बेला एउटा राज्यको स्थानीय सरकारको समेत नेतृत्व गरिसकेका व्यक्ति यस्तो हर्कतमा उत्रिनु अत्यन्तै निन्दनीय कार्य भएको र सम्पूर्ण नगरबासीले शिर निहुर्‍याउनु पर्ने अवस्था सिर्जना भएको छ ।**

**मानवीय मूल्य र मान्यताबिपरित गरिएको यस्तो जघन्य अपराधमा सम्लग्न बिर्तामोडका शिवाकोटीलाई हदैसम्मको कार्बाही गरियोस् भनी जोडदार माग गर्दै यो विज्ञप्ति जारी गर्दछौं ।**

| | | | |
|---|---|---|---|
| दिलकुमारी सी | शिखा खड्का (गणेश) | हरिमाया मैनाली | तारा श्रेष्ठ |
| अध्यक्ष | सचिव | अध्यक्ष | अध्यक्ष |
| अनेम संघ (क्रान्तिकारी )झापा | राष्ट्रिय प्रजातान्त्रिक महिला संगठन झापा | अनेम संघ (समाजवादी) झापा | अनेम संघ (क्रान्तिकारी) झापा |

# मोक्षघाट निर्माणमा चन्द्रगढी वनको अगुवाई



भद्रपुर(प्रस) । चन्द्रगढी सामुदायिक वन उपभोक्ता समूहको अगुवाईमा भद्रपुर १० चन्द्रगढीस्थित देउनिया खोलामा दाहसंस्कार स्थल (मोक्षघाट) निर्माणका लागि निर्माण समिति गठन गरिएको छ ।

मोक्षघाटका लागि पहिलो चरणमा वन समितिले ३३ लाख, वडा नम्वर ९ ले दुई लाख, १० नम्वर वडाले एकलाख पचास हजार, जेष्ठ नागरिक समितिबाट ४ लाख ८५ हजार, देउसीबाट संकलित ३२ हजार तथा अन्यदाताबाट सहयोग जुटाई ४० लाखको स्रोत सुनिश्चित गर्दै निर्माण समिति गठन गरेको हो ।

निर्माण समितिको अध्यक्षमा दुर्गाप्रसाद भट्टराई, उपाध्यक्ष गोकुलप्रसाद ढकाल, सचिव पार्वती मल्ल र कोषाध्यक्ष अनुज खतिवडा चयन भएका छन् भने सदस्यहरूमा भद्रपुर ९ का वडाध्यक्ष रामप्रसाद दाहाल, १० का वडाध्यक्ष टेकबहादुर खड्का काजी, हरिप्रसाद पराजुली, विष्णुप्रसाद काफ्ले, मिरा सञ्जेल, पुरूषोत्तम अधिकारी र रविन सुब्बा फागो चयन भएका छन् । समितिले मोक्षघाट निर्माण तिव्रगतिमा गर्नेगरी जिम्मेवारी पाएको छ ।

# झापा कपको तयारी अन्तिम चरणमा



बिर्तामोड(प्रस) । डोमालाल राजबंशी रंगशालामा मंसिर २९ गतेदेखि हुन लागेको 'झापा कप-२०८१' को तयारी अन्तिम चरणमा पुगेको छ । प्रतियोगिताका लागि सहभागी टिम फाइनल भएको छ भने खेलमैदानदेखि दर्शकका लागि बस्ने प्यारापिट निर्माण सम्पन्न भएको छ । प्रतियोगितामा सहभागी हुने क्लबको टुङ्गो लागेको झापा-११ सचिव चेतामणि खनालले जानकारी दिए । प्रतियोगितामा आयोजक झापा-११ फुटबल क्लब, मोरङको एलएक्स सिटी फुटबल क्लब, सिराहाको सलहेस युवा क्लब, काठमाडौंको एनआरटी फुटबल क्लब, चर्च ब्वाईज युनाइटेड, ईटहरीको राष्ट्रिय जागृति क्लब सहभागी हुने भएका छन् ।

यसैगरी दार्जिलिङको जिटिए, काठमाडौं जिल्ला लिग च्याम्पियनसमेत रहेको चित्लाङ फुटबल क्लब, त्रिभुवन आर्मी क्लब र रुपन्देहीको गोर्खा ब्वाईज स्पोर्ट्स क्लब सहभागी हुने तय लागेको उनले जानकारी दिए ।

मंसिर २९ गते सुरु हुने प्रतियोगिताको फाइनल पुस-८ गते सम्पन्न गर्ने कार्यक्रम छ । प्रतियोगिताका लागि १० हजार जना दर्शक क्षमताको बेम्बो प्यारापिट निर्माण, खेलमैदान मर्मतलगायतको काम सम्पन्न भएको आयोजकले जनाएको छ ।

प्रतियोगिताको बिजेताले नगद १० लाख, ट्रफी, मेडल र प्रमाणपत्र पाउने छ । उपबिजेताले ५ लाख रुपैया पुरस्कार पाउने आयोजक समितिका संयोजक केशबराज दाहालले जानकारी दिए । प्रत्येक खेलको प्लेयर अब द म्याचले १० हजार नगद तथा प्रतियोगिताको अवधिमा सर्वाधिक गोलकर्ता एकजना तथा उत्कृष्ट गोल किपर एकजनालाई खेलाडीलाई ३५ हजार नगद पुरस्कार प्रदान गरिने छ ।

यसैगरी प्रतियोगिताको एक उदीयमान खेलाडीलाई झापा ट्यालेन्ट घोषणा गरेर नगद ३५ हजार रुपैयाँ प्रदान गरिने छ । यस्तै प्रतियोगिताको सर्वोत्कृष्ठ एकजना खेलाडीलाई मष्ट भ्यालुएबल खेलाडी घोषित गरेर नगद १ लाख रुपैयाँ प्रदान गरिने झापा-११ का अध्यक्ष जलकुमार गुरुङले जानकारी दिए ।

## यौनजन्य...

बताइन् ।

हिंसामा पर्ने अधिकांश घटना प्रहरीबाट आउने गरेको बताउँदै उनले भनिन्, 'आदिवासी-जनजाति समुदायका महिला तथा बालबालिका सबैभन्दा बढी हिंसा परेको देखिन्छ, त्यसपछि ब्राह्मण-क्षेत्री र दलित समुदायबाट रहेको छ ।' जिल्लाका १५ वटा पालिकामध्ये नगरपालिकातर्फ मेचीनगर र दमक तथा गाउँपालिकातर्फ हल्दिबारी र कचनकवलमा सबैभन्दा बढी घटना भइरहेको छ ।

लैङ्गिक हिंसाबाट विशेषगरी महिला तथा बालबालिकाहरू पीडित र प्रभावित हुने भएकाले उनीहरूको स्वास्थ्य उपचारलगायत कानुनी, मनोसामाजिक परामर्श, सुरक्षा, सुरक्षित आवास र पुनर्स्थापनाका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जिल्लाका सरकारी अस्पतालमा ओसीएमसी स्थापना गरेको हो । सोही अनुसार ओसीएमसीले हिंसामा परेका महिला तथा बालबालिकाहरूको समस्यालाई एकीकृत र प्रभावकारी रूपमा सम्बोधन गर्दै आइरहेको उनले बताइन् ।

प्रादेशिक अस्पतालमा २०७६ सालमा ओसीएमसीको स्थापना भई महिला तथा बालबालिकाको क्षेत्रमा काम गर्दै आइरहेको कार्यक्रम संयोजक डा. मनोजकुमार शाहले बताए । अस्पतालमा डा. शाह, डा. रुपेश गौतम र स्टाफ नर्स जानुका धिमालले हिंसामा परेकाहरूलाई सेवा प्रदान गरिरहेका छन् ।

चालु आर्थिक वर्षमा यो कार्यक्रम सञ्चालनका लागि सरकारले १२ लाख रुपैयाँ बजेट छुट्याएको छ । झापाका प्रमुख जिल्ला अधिकारी तथा लैङ्गिक हिंसा व्यवस्थापन समितिका अध्यक्ष बन्धुप्रसाद बास्तोलाको अध्यक्षतामा भएको बैठकमा जिल्लाभरि प्रभावकारी रुपमा ओसीएमसी कार्यक्रम सञ्चालन गर्नका लागि विभिन्न बुँदामा निर्णय गरिएको छ । बैठकमा प्रादेशिक अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा.रामबाबु खड्कालगायत सहभागीहरूले आ-आफ्ना धारणा राखेका थिए ।

## एक्सेल...

समुदायलाई फोहोर व्यवस्थापनमा सजिलो पार्न मद्दत पुर्याउने उद्देश्य राखेको बताए । कार्यक्रममा शनिश्चरे शाखाका शाखा इन्जार्च शर्मिला अधिकारी, बैंकका कर्मचारी, स्थानीय बासिन्दा तथा समाजसेवीहरूको समेत सहभागिता रहेको थियो । सहभागी सबैले फोहोरलाई सही स्थानमा व्यवस्थापन गर्न तथा बजारको सरसफाईमा योगदान पुर्याउन आह्वान गरे ।

डस्टबिन वितरण कार्यक्रमसँगै बैंकले अन्य थुप्रै सामाजिक उत्तरदायित्व कार्यक्रमहरू पनि सञ्चालन गर्दै आइरहेको छ । बैंकले शिक्षा, स्वास्थ्य, तथा वातावरण संरक्षणका क्षेत्रमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिने बैंकका बजार व्यवस्थापन विभागका अधिकृत ढकालले जानकारी दिए ।

एक्सेल डेभलपमेन्ट बैंकले देशकै पहिलो र हालसम्म एकमात्र प्रादेशिक विकास बैंकको रुपमा सेवा विस्तार गरिरहेको छ । हाल यसले कोशी प्रदेशका विभिन्न जिल्लाहरु अन्तर्गत ४७ वटा शाखाहरु ३ वटा एटीएमबाट सेवा दिइरहेको छ । त्यसका साथै आकर्षक प्रिमियमका साथ न्यून ब्याजदरमा सबै किसिमका कर्जाहरु प्रवाह भइरहेको बैकले जनाएको छ ।

# पीडित नाबालिकाको पक्षमा डटेर उभिने प्रतिबद्धता



झापा(प्रस) । नाबालिकालाई बिर्तामोडका पूर्वमेयर ध्रुवकुमार शिवाकोटीले पटक पटक जबर्जस्ती करणी गरेको घटनामा मेची-महाकाली बुहारी संयुक्त आवाजले पीडितको पक्षमा डटेर उभिने प्रतिबद्धता व्यक्त गरेको छ । सो संस्थाले यस घटनाका पीडितलाई आवश्यक सहयोग उपलब्ध गराउने आश्वासनसमेत दिएको छ । मेची-महाकालीबुहारी संयुक्त आवाजका झापा जिल्ला संयोजक गंगादेवीभट्टराई, सहसंयोजक रोशनीअधिकारी र सचिव रिता राईले संयुक्तरुपमा प्रेस विज्ञप्ति जारी गरी समाजलाई यस्ता घटनाप्रति सचेत रहन र प्रतिकार गर्न आह्वानसमेत गरेका छन् । विज्ञप्तिमा बलात्कारजस्तो गम्भीर अपराधमा पूर्वमेयर शिवाकोटीको संलग्नताले गहिरो चिन्ता ल्याएको भन्दै यस घटनाले विशेष गरी घरेलु कामदारहरू जस्ता कमजोर र अशक्त व्यक्तिहरूको सुरक्षामा गम्भीर चुनौती खडा गरेको जनाइएको छ ।

यस प्रकारका जघन्य अपराधमा संलग्नलाई कानुनी कठघरामा ल्याई कडा कारबाही गर्न सम्बन्धित निकायसँग विज्ञप्तिमार्फत माग गरिएको छ ।


**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको**

**१५ दिने सूचना**

सधियार पश्चिमः श्री राधा बस्नेत, उत्तरः श्री दिपक कुमार दाहाल को नाममा जारी गरिएको ।

साविक चारपाने गाविस वडा नं. १ हाल बिर्तामोड नगरपालिका, वडा नं. १ बस्ने श्री सुवास अधिकारीले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखीकरण प्रमाणपत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा १ | १ | १६०६६ | १७३.२६ | २०८१/०७ /२८ | २०८१/०७ /२८ | २०८१/०८/१७ |






**हिमालयन लाइफ इन्स्योरेन्स लि.**

प्रधान कार्यालय, काठमाण्डौ, नेपाल

फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४

**हकदावी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपशिलमा उल्लेख भएका बीमितहरुले बीमालेख हराएको/नासिएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बिमालेख उपर कसैको हकदाबी भए सो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १. | ULI०२३००१४९७८ | युजिना गौतम | बिर्तामोड-३ ,झापा |



**सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि.**

मूल कार्यालय, बिर्तामोड-२, चारपाने, झापा

**अन्तिम लेखापरीक्षणका लागि कोटेशन आव्हान सम्बन्धमा**

प्रथम पटक प्रकाशित मिति : २०८१/०८/२७

सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि.को आ.व.२०८१/२०८२ को अन्तिम लेखापरीक्षणको लागि लेखापरीक्षक नियुक्ति गर्नु पर्ने भएको हुँदा नेपाल चार्टस एकाउन्टेन्स् संस्थाबाट लेखापरीक्षण गर्न (क) वर्गको इजाजत प्राप्त इच्छुक लेखापरीक्षण गर्ने फर्म/संस्थाले लेखापरीक्षण शुल्कसहित यस संस्थाको मूल कार्यालय बितामोड-२, चारपानेमा प्रथम पटक सूचना प्रकाशित भएको ७ दिनभित्र प्राप्त हुने गरी खामबन्दी कोटेशन पेश गर्नुहुन सूचना आव्हान गरिन्छ ।

**संस्थाको संक्षिप्त जानकारी र लेखापरीक्षणमा आवश्यक विवरणहरु :**

१) संस्थामा हाल वित्तीय व्यवसाय बचत तथा ऋण कारोवार संचालन रहेको छ ।

२) यस सस्थाको ६ वटा जिल्लामा सेवाकेन्द्रहरु रहेका छन् र बचत तथा ऋण कारोवार कुल ८० वटा सेवाकेन्द्रहरुमा संचालन भइरहेका छन् ।

३) लेखापरीक्षण शुल्क उल्लेख गर्दा लेखा परीक्षण, खान तथा बस्न लगायत लेखापरीक्षण कार्यसंग सम्बन्धित सम्पूर्ण रकम एकमुष्ट कोटेशनमा उल्लेख गर्नु पर्नेछ । स्वीकृत रकम एकमुष्ट संस्थाले भुक्तान गर्नेछ । सेवाकेन्द्रसम्म पुग्ने यातायातको व्यवस्थापन संस्थाले गर्नेछ ।

४) संस्थाको २०८१ आषाढ मसान्तसम्मको वासलात अंक रकम रु. १६ अर्ब ८३ करोड रकेको छ ।

५) नेपाल वित्तीय प्रतिवेदन (NFRS) मान बमोजिम पहिलो रिपोर्टिङ अवधि २०८० श्रावणदेखि २०८१ आषाढ ३१ भएकोले आ.व.२०८१/०८२ को पुरानो (NFRS) बमोजिम नै हुनेछ ।

६) कोटेशन e–mail: bhumi_khatiwada@yahoo.com मार्फत पनि पेश गर्न सकिने छ ।

**संलग्न गर्नु पर्ने कागजातहरु :**

१) कोटेशन प्रस्तुत गर्ने फर्मको लेटर प्याडमा दररेट सहितको निवेदन ।

२) लेखापरीक्षकको लेखापरीक्षण इजजात-पत्रको प्रतिलिपी ।

३) स्थायी लेखा नम्बर प्रमाण पत्रको प्रतिलिपी ।

४) लेखापरीक्षकको पेशागत प्रमाण-पत्रको प्रतिलिपी ।

५) लेखापरीक्षकबाट लेखापरीक्षकमा नियुक्तिका लागि अयोग्य नभएको व्यहोराको लिखित जानकारीको प्रतिलिपी ।

६) आ.व. २०८०/२०८१ कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपी वा म्याद थपको प्रमाणपत्रको प्रतिलिपी ।

**सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेड**

**मुल कार्यालय बिर्तामोड-२, चारपाने, झापा**

**फोन नं. ०२३-५३११९८,०२३-५३३४०८**



**सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि.**

मूल कार्यालय बिर्तामोड २, चारपाने, झापा

**प्रतिवेदन छपाई र अन्य सामाग्री खरिद कोटेशन आव्हान**

प्रथम पटक प्रकाशित मिति : २०८१/०८/२७

यस संस्थाको २८औं वार्षिक साधारणसभाको लागि आवश्यक पर्ने वार्षिक प्रगति प्रतिवेदन ०८०/०८१ छपाई गर्न र तपशिल अनुसारका सामाग्रीहरु बिक्री गर्न इच्छुक फर्मले ७ दिनभित्र आवश्यक कागजपत्रहरु संलग्न राखि कोटेशन पेश गर्नु हुन आव्हान गरिन्छ ।

| क्र.सं. | विवरण | छपाई संख्या |
|---|---|---|
| १ | साईज (ठूलो): A4 साईज<br>भित्री पेज : करिब 114 पेज, 70 ग्राम, म्याफ्लितो पेपर,कलर प्रिन्ट<br>बाहिरी कभर : 250 ग्राम आर्ट बोर्ड, मल्टीकलर (लेमिनेशन) | २,००० प्रति |
| २ | साईज (सानो): 7.5x 9.50 इन्च<br>भित्री पेज : करिब 56 पेज,70 ग्राम,म्याफ्लितो पेपर<br>बाहिरी कभर : 250 ग्राम आर्टबोर्ड,मल्टीकलर(लेमिनेशन) | ३५,००० प्रति |

**अन्य सामाग्री विवरणहरु :**

१) डटपेन (रीटन सफारी) २)चिया,बिस्कुट, नास्ता र खाना ३) साउण्ड सिस्टम ४) पुरस्कार तथा सम्मान सामाग्रीहरु ५)हल भाडा,जेनेरेटर, कुर्सी, टेन्ट , ६) स्टेशनरी सामान ७)खाम ८)खादा,व्यानर,झोला ९) फुलमाला १०) स्टेज निर्माण ११) पानी (मिनरल वाटर) १२)अन्य आवश्यक सामाग्रीहरु ।

**आवश्यक विरणहरु :**

१) फर्मको नाम,ठेगाना,भ्याट नम्बर,सम्पर्क नम्बर,फर्मको छाप,हस्ताक्षर स्पष्ट लेखिएको हुनु पर्नेछ ।

२) फर्मको लेटर प्याडमा दररेट उल्लेख गरिएको निवेदन हुनु पर्नेछ ।

३) कोटेशनमा फर्मको ब्यवसाय प्रमाण-पत्र,कर चुक्ता(आ.ब. ०८०/०८१),स्थायी लेखा नम्बर,मूल्य अभिबृद्धि कर, दर्ता प्रमाण-पत्र तथा अन्य आवश्यक कागजातहरुको फोटोकपी संलग्न हुनु पर्नेछ ।

४) समय नाघि वा रीत पुरा नगरी प्राप्त भएका कोटेशनलाई मान्यता दिइने छैन ।

५) कोटेशन स्वीकृत गर्ने,नगर्ने,रद्ध गर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।

६) एकपटक पेश गरिएको शिलबन्दी दरभाउपत्र फिर्ता वा संशोधन गर्न पाईने छैन ।

७) प्रतिबेदन संख्या र अन्य सामाग्रीहरु आवश्यकता अनुसार सामान्य थपघट हुन सक्नेछ ।

८) प्रतिबेदनको पेज संख्या तथा मोडलको लागि मूल कार्यालयमा सम्पर्क राख्नु हुन ।

**सहारा नेपाल (साकोस)लि.**

**मुल कार्यालय,बिर्तामोड न.पा.-२ चारपाने**

**फोन नं. ०२३-५३११९८,०२३-५३३४०८**



**दाईजो प्रथा निरुत्साहित गरौं**

- चल, अचल सम्पत्ति, दाईजोको रुपमा माग गर्नुहुदैन,
- लेनदेनको शर्त राखी विवाह गर्नु/गराउनु हुदैन ।
- विवाह गरी सकेपछि चल, अचल सम्पत्ति वा दाईजो माग गर्नु हुदैन,
- दाईजो नदिएको कारण यातना दिने वा अमानवीय वा अपमानजन्य व्यबहार गर्नु हुदैन,
- यस्ता कार्य कानूनबमोजिम दण्डनीय छन् । यस्तो गरेको पाइएमा स्थानीय प्रशासनमा खबर गरौं ।
- विवाह जस्तो पवित्र बन्धनलाई लेनदेनको विषय नबनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# भ्रष्टाचारकै कारण सकिने भो

राजनीति किन गर्छन् भने भ्रष्टाचार गर्न । भ्रष्टाचार गर्नकै लागि प्रायः सबै दल र तिनका नेता कार्यकर्ता उद्यत भएपछि नेपाल अधोगतितर्फ धकेलिँदै गएको छ । मुलुकमा चरम निराशा व्याप्त छ। निराशा छैन भन्नेहरू पनि छन्। सामाजिक सञ्जाललाई एउटा ऐना मान्ने हो भने त्यहाँ त निराशामात्रै होइन, अराजकता नै देखिन्छ। राज्यप्रति र राज्य प्रमुख तीन अंगसँग मात्रै होइन, चौथो अंग पत्रकारितासँग पनि आमनागरिकमा चरम आक्रोश वितृष्णा देखिन्छ। निराशा र आक्रोश अनि अराजकताको मूल जड के हो भन्नेमा धेरै मत छन्। धेरैजसो मत राजनीतिक अस्थिरतातिर सोभिन्छ। तर, सँगसँगै मुख्य एक कारण मुलुकमा व्याप्त भ्रष्टाचार हो र सुशासनको चरम अभाव हो।

भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय दिवस अर्थात् ११ डिसेम्बरको सन्दर्भमा यो प्रासंगिक हुन्छ कि मुलुकमा भ्रष्टाचार न्यूनीकरण गर्नु मुख्य चुनौती हो। भ्रष्टाचार न्यूनीकरण गर्दा नागरिकमा आशा जगाउनमात्रै सकिन्न, मुलुकलाई समृद्धिको दिशातर्फ अगाडि पनि बढाउन सकिन्छ। विकास र समृद्धिको एउटा प्रमुख बाधक पनि भ्रष्टाचार नै हो। भ्रष्टाचार अनुभूति सूचकांकमा नेपाल भ्रष्टाचार व्याप्त मुलुकहरूको सूचीमा रहेको ट्रान्सपरेन्सी इन्टरनेसनलले राखेको छ। १०८औं स्थानमा छ नेपाल। भ्रष्टाचारलाई अर्थसँग मात्रै जोडेर हेरिनु साँघुरो हुन्छ। यसको आयाम व्यापक छ। यो अनुभूतिको कुरा पनि हो। सरकारले दिने सेवा प्रवाहमा हुने ढिलासुस्ती, फजुल खर्च, किफायतीपनमा कन्जुस्याइँ र न्यायमा हुने ढिलाइलगायत विषय भ्रष्टाचारको छाताभित्र पर्छन्।

भ्रष्टाचारको सन्दर्भमा ट्रान्सपरेन्सी इन्टरनेसनलको मात्रै नभई स्वदेशकै अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रतिवेदनले भ्रष्टाचार चित्रित गर्छ। न्यायालयभित्रै पनि भ्रष्टाचार रहेको प्रतिवेदन न्यायालयकै छ। भ्रष्टाचारले नछोएको कुनै निकाय छैन। हरेक सरकार सुशासनको नारा लगाउँछन्। तर सुशासन घट्दो छ, बढ्दो छैन। भ्रष्टाचार पनि बढेको बढ्यै छ। भ्रष्टाचारको नाभी राजनीतिसँग पक्कै पनि जोडिन्छ। त्यसैले मुलुकमा व्याप्त निराशा र भ्रष्टाचार निवारण गर्न राजनीतिक नेतृत्वकै तदारुकता आवश्यक हुन्छ। राजनीति सङ्लो भएमात्रै मुलुकमा सुशासन कायम गर्न सहज हुन्छ र व्याप्त निराशा आशामा बदलिन्छ । नत्र यो निराशाले दल मात्र होइन व्यवस्था नै परिवर्तन हुनसक्ने संकेत आइसकेको छ ।




# स्वास्थ्यमा जाडोजन्य जोखिम



• डा. प्रकाश बुढाथोकी



उमेरसँगै मात्र नभई मौसम परिवर्तनसँगै मानिसको जीवनशैलीमा परिवर्तन आउँछ । औँला सुन्निने मौसमका रूपमा परिचित जाडो मौसममा प्राय प्रयोग हुने शब्द चिलब्लेन्स हो । पीडादायक भए पनि चिकित्साका हिसाबले सामान्य समस्या मानिने चिलब्लेन्सले हातखुट्टाका औँलामा मात्र नभई नाक, कानको लोती, गाला, तिघ्रा, नितम्ब, नली हाड आदिमा असर गर्छ । पुरुषको दाजोमा महिला बढी मारमा पर्ने चिलब्लेन्सले बुढापाका र बालबालिकालाई सताउँछ ।

**ज्येष्ठ नागरिकका समस्या**

ज्येष्ठ नागरिकको रोग प्रतिरोधात्मक क्षमता कम हुने भएकाले जाडो मौसममा बढी स्वास्थ्य समस्या देखिन्छ । चिसोसँगै वातावरण प्रदूषण र बिहानै चिसो पानीले नुहाउने बानीले निमोनिया, दम, उच्च रक्तचापका साथै अन्य दीर्घरोग बढ्ने गर्छ, जोर्नीसम्बन्धी समस्याले पनि धेरै दुःख दिन्छ तथा कतिपयको कठ्याङ्गिएर मृत्युसमेत हुने गर्छ । जाडोमा पानी कम पिउने, रगत बाक्लो भई रक्तचाप बढ्ने गर्छ र हृदयघात, मस्तिष्क घातको सम्भावना रहन्छ । जाडोमा जोर्नी धेरै सुन्निने, दुख्ने भई निकै कष्टकर हुन्छ ।

शरीरभित्र र बाहिरको तापक्रम नमिल्दा पनि हाडजोर्नीसम्बन्धी समस्या पनि देखा पर्छ, जसमा ५० वर्षमाथिका तथा वृद्धवृद्धामा हाड जोर्नी दुख्ने गर्छ । हाड खिइँदै जाँदा, एकै ठाउँमा बस्दा, शारीरिक व्यायाम नगर्दा, भिटामिन डी, क्याल्सियमयुक्त खानाको कमी हुँदा पनि जोर्नी दुखाइ बढ्छ । लामो समयसम्म एकै ठाउँमा बस्ने बानी, निष्क्रिय जीवनशैली, घुँडा खुम्चाएर एकैस्थानमा लामो समयसम्म बस्ने, हाड कमजोर, उमेर, चोटपटक, सङ्क्रमण, चिसा पानीले नुहाउने बानी, अनावश्यक रूपमा तौल बढ्नुले पनि जोर्नी दुख्ने गर्छ । बिहानको घाम नताप्ने, भोलिलो पदार्थ सेवन नगर्ने, नियमित शारीरिक व्यायाम नगर्ने, धूमपान र मद्यपान गर्ने, कोक, पेप्सी जस्ता सफ्टड्रिङ्क, आटामा आधारित खानाले पनि दुखाइ बढाउँछ ।

**बालबालिकामा रुघाखोकी र निमोनिया**

सरकारले सन् २०१५ देखि राष्ट्रिय खोप कार्यक्रममा रहेको पिसिभी १० अर्थात् न्युमोकोकल खोप बालबालिकामा प्रभावकारी देखिएको छ । सन् २०१४ मार्च २० देखि २०१९ डिसेम्बर ३१ सम्म पाटन अस्पतालमा भर्ना भएका दुईदेखि १४ वर्षसम्मका पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, बाल अनुसन्धान एकाइ, अक्सफोड विश्वविद्यालय र गाभी भ्याक्सिन एलायन्सको सहकार्यमा छ वर्ष लगाएर गरिएको अध्ययनमा खोपको प्रयोगले २६ प्रतिशत निमोनिया, मेनिन्जाइटिस, सेप्सिस आदि दुई वर्षमुनिका बालबालिकामा घटेको देखिएको छ । बालबालिकाको नाक पछाडिको भागमा पाइन न्युमोकोकस ब्याक्टेरियाका प्रजातिमध्ये पिसिभी १० मा समावेश भएका प्रजाति दुई वर्षमुनिका बालबालिकामा ७५ प्रतिशत र दुईदेखि पाँच वर्षसम्मकामा ४१ प्रतिशतले घटेको छ । निमोनिया भएकामा ८२ प्रतिशतले घटेको छ ।

नेपाल सरकारले सन् २०१५ मा १० वटा प्रजाति समेटिएको न्युमोकोकल खोप पिसिभी १० को दुई वटा प्राइमरी डोज छ हप्ता र १० हप्ता र एक बुस्टर डोज नौ महिनामा लगाइन्छ । जुन तालिका नेपालमा मात्र लागु छ । खोजले अन्तराल आठ हप्तालाई चार हप्ता गर्दा पनि त्यत्तिकै प्रभावकारी रहेको विश्व स्वास्थ्य सङ्गठनले निर्देशिकामा उल्लेख गर्न बाध्य भएको छ ।

विश्व स्वास्थ्य सङ्गठनको सिफारिसमा ६५ वर्षभन्दा बढी उमेरका ज्येष्ठ नागरिक, विभिन्न अङ्गका दीर्घरोगी, प्रतिरोधी क्षमता कम भएका एचआइभी, एड्सपीडित, क्यान्सरको उपचाररत, स्टेरोइड जस्ता औषधी खाइरहेका, कुनै पनि स्टेजका गर्भवती महिला, छ महिनादेखि पाँच वर्षसम्मका बालबालिका र स्वास्थ्यकर्मीले इन्फलुयन्जाविरुद्धको खोप अनिवार्य लिनु पर्छ ।

**आगो ताप्दा प्रदूषण**

जाडो बढेसँगै जताततै आगो तापिरहेको देखिन्छ । आगो ताप्न के टायर, प्लास्टिक के सडक किनारमा थुपारिएका फोहोर सबै बालेर आगो तापेको देखिन्छ । जसले तत्काल त न्यानो हुन्छ तर उत्पन्न धुवाँले स्वास्थ्यमा तत्कालै तथा वातावरणमा दीर्घकालीन नकारात्मक असर गर्छ । सरकारी मापदण्ड ४० रहेकोमा कहिलेकाहीँ दुई सयभन्दा बढी भई सास फेर्न सकस भएका विगत पनि छन् ।

प्रदूषणमा गाडीको धुवाँ ३८ र आगोको धुवा १९ गरेर ५७ प्रतिशत हिस्सा धुवाँको छ । त्यस्तै सडक धुलोको २५, इटाभट्टाको ११ र अन्यबाट सात प्रतिशत हुन्छ । कचौरा आकारको काठमाडौँबाट धुँवा हतपत बाहिर जान पाउँदैन । त्यसैमा प्लास्टिक, टायर बाल्दा कार्बन मोनो, डाइअक्साइड, प्युरेन, डाइअक्सनले क्यान्सरसम्म गराउन सक्छन् । वायुप्रदूषणले तत्काल सामान्य टाउको दुख्ने, आँखा, नाक, कान घाँटी र श्वासप्रश्वासमा असर र दीर्घकालमा मुटु, मस्तिष्कघात, फोक्सोको क्यान्सर, दम र प्रजनन क्षमतामा ह्रास गराउँछ ।

**घाम लागेपछि मर्निङ वाक**

कचौरा आकारमा रहेको काठमाडौँ खाल्डोमा हावा चल्ने दिशा पूर्वपश्चिम मात्रै हो । प्रदूषित हावा बाहिर निकाल्न हुरी बतासकै गतिमा हावा चल्नु पर्छ । फोक्सो सफा गर्न भन्दै गरिने बिहानी हिँडाइमा प्रदूषित बन्छ । जाडोयाममा वायुप्रदूषण बढ्ने भएकाले मर्निङवाकले पनि हानि गरिरहेको छ । वायुप्रदूषणका कारण दम, ब्रोङकाइटिस, फोक्सो र मुटुसम्बन्धी रोगको उच्च सम्भावना रहन्छ । बिहानै खाली पेटमा निस्कँदा रक्तचाप र दमका बिरामीमा झनै समस्या हुन्छ ।

कठ्याङ्गिने, हृदयाघात, रुघाखोकी आदिको समस्या हुन्छ । श्वास लिँदा धुलो, धुवाँका साना कण फोक्सोसम्म पुग्छन् । ठुला कण श्वासनलीमा अडकिन्छ । फोक्सोबाट रक्तसञ्चार हुँदै मुटु, मिर्गौला र छालामा समेत पुग्छन् ।

हुस्सुले बाटो नदेखिँदा बिहान सवार ीसाधनसमेत स्पिड हुने भएकाले कतिपय अवस्थामा दुर्घटनासमेत हुन्छ । त्यसैमा बिहान सडक छेउ हेडफोनमा रमाउँदै मर्निङ वाक गर्दा दुर्घटना हुन्छ ।

**जाडोमा हुन सक्छ हृदयाघात**


स्वेडिस रजिस्ट्रीको दुई लाख ७४ हजार ०२ ९ बिरामीको तथ्याङ्क अध्ययनमा हृदयाघातको जोखिम तापक्रम ६८ बाट ३२ डिग्री फरेनहाइट घट्दा १४ प्रतिशतले बढ्छ । अर्थात् हावाको तापक्रममा ७.४ डिग्री सेल्सियस वृद्धि हुनु भनेको २.८ प्रतिशत हृदयाघातको जोखिममा कमी आउनु हो । दमका दीर्घरोगी, पहिल्यै हृदयाघात र रक्तनलीमा अवरोध भएका, बाइपास सर्जरी गरेका या स्टेन्ट हालेका, मुटु कमजोर भएका, मुटुको चालमा गडबढी भएका जाडोमा जोखिम वर्गमा पर्छन् । त्यसै गरी फोक्सो, सिओपीडी, मिर्गौला, वृद्धावस्था भएका, अनियन्त्रित रक्तचाप, कोलेस्ट्रोल, धूमपान, निस्क्रिय जीवनशैली, ज्यादै मद्यपान, मस्तिष्काघात या पक्षाघात भएकाहरू पनि जाडोमा रगत जम्ने क्रम बढी, नसा खुम्चिएर साँघुरा भई रक्तचाप, मुटुको धड्कन बढ्ने, अनेकन हर्मोन सक्रिय भई नकारात्मक परिवर्तन ल्याई मुटुरोग तथा हृदयाघातको जोखिममा पर्छन् ।

स्ट्रोकको ८० प्रतिशत इस्केमिक र २० प्रतिशत हेमोरेजिक हुन्छ । मस्तिष्कघातको लक्षण देखिएको ढिलोमा साढे चार घण्टामा उपचार सुरु गरे ठुलो नोक्सानीबाट बच्न सकिन्छ । स्ट्रोकको लक्षण फास्ट एफ- फेस वा अनुहार बाङ्गिनु, ए-आर्म अर्थात् एक्कासि एउटा वा दुवै हातले काम गर्न छोड्नु, एस-स्पिच अर्थात् आवाज लर्बराउनु वा पूरै गुम्नु र टी-टाइम अर्थात् बिरामीलाई तुरुन्त उपयुक्त अस्पताल पुऱ्याउनुस् ।

**रोकथाम**

रुघाखोकी तथा निमोनियाको खोप अनिवार्य लिनु पर्छ । घरभित्र बस्दा र घर बाहिर जाँदा पनि न्यानो कपडा लगाउनु पर्छ । बिहानै चिसोमा हिँड्डुल कम वा बन्द गर्नु पर्छ । दीर्घरोगीले उच्च रक्तचाप, सुगर, कोलेस्ट्रोल नियन्त्रणमा राख्नु पर्छ । स्वस्थ आहार र व्यायामले शरीरका अङ्गहरूलाई स्वस्थ राख्छ त्यही अनुसार अवलम्बन गर्न जरुरी छ । तयारी खानेकुरा, विलासी जीवनशैली, मानसिक तनावबाट मुक्त रहनु र ताजा फलफूल, हरिया सागसब्जी सेवन गर्नु पर्छ । छालामा चिसोको प्रभाव धेरै नपरोस भन्नाका लागि बढी तातोपानीले ननुहाउने, मनतातो पानीको मात्र प्रयोग गर्ने, नुहाइसकेपछि पूरै शरीरमा तेल वा मोस्चराइजिङ क्रिम अनिवार्य लगाउने, अनुहार सुक्खा हुने भएकाले फेसवासको प्रयोग नगरी पानीले मात्र मुख धुने, भित्र सुतीको कपडा लगाई उनी कपडा छालामा टासिने गरी नलगाउने गर्नु पर्छ । पानी बढी पिउने, पूरै शरीर ढाकिने गरी कपडा लगाउने, हिटर तथा आगो बाल्दा कोठामा हावा पास भएको, डिहाइड्रेसन र सुक्खापनाबाट बच्न एक मिटर पर बसेर ताप्नेमा ख्याल गर्नु पर्छ । १० सेमी टाढा राखेर हिटर ताप्ने, विद्युतीयभन्दा ग्यास हिटर कम अक्सिजन लिने, कम कार्बन मोनोअक्साइड निकाल्ने गर्छ ।

# असद शासनको अन्त्य



• लोकनारायण सुवेदी

यतिबेला पछिल्लो शासन सत्ता पल्टेका देशहरूमा सिरिया पनि सामेल भएको छ । त्यहाँका विद्रोहीहरू ५० वर्ष अर्थात् पाँच दशक लामो असदको शासन सत्तालाई उखेलिदिएका छन् । त्यो शासन सत्ताको अन्त्य गर्नका लागि सङ्कल्पबद्ध रहेको मानिने विद्रोही समूह हयात तहरिर अल शाम (एचटिआई) ले दुई सातादेखि असदको सत्ता पल्टाउने यो अभियानलाई निकै तीव्रता दिएको देखिन्थ्यो । त्यस क्रममा त्यो विद्रोही समूहले अलेप्पो, हमा, होम्स र दारा भनिने प्रमुख सिरियाली सहरहरूमा कब्जा जमाएपछि बसर अल असदको शासन सत्ता पल्टिने दिन गन्ती सुरु भएको अड्कल गरिँदै थियो । गएको आइतबार अर्थात् ८ डिसेम्बरका दिन राजधानी दमिस्कमाथि कब्जा जमाएपछि अब असद वंशको शासन अन्त्य निश्चित प्रायः भएको अड्कल गरिँदै थियो ।

यो सत्ता पल्टाउँदा असद सिरियाबाट अज्ञात देशमा भागिसकेका छन् तर यो आलेख तयार पार्दासम्म यकिनतः उनी कहाँ शरण लिन पुगे भन्ने कुरा केवल अनुमान मात्र गरिँदै थियो । भनिन्छ असद आफ्नो परिवारका साथ विमानबाट कुनै अज्ञात मुलुकमा पुगेका छन् । उनी कुन देशमा पुगेका छन्, कसैले किटान गरेर बताएको छैन । यस क्रममा उनी चढेको विमान बेपत्ता भएको या दुर्घटनामा परेको समेत हल्ला फैलिएको छ । यता सत्ता कब्जा गरेका विद्रोहीहरूले भने अब सिरिया एउटा स्वतन्त्र देश भएको भनिरहेका छन् । असदका विरुद्ध रहेका विद्रोही सेनाका एक जना सैनिक अपरेसन कमान्डरले टेलिग्राममा एउटा पोस्ट लेखेका छन् कि 'हामी तानाशाह बसर अल असदबाट दमिस्क सहर मुक्त भएको घोषणा गर्दछौँ । विश्वभर विस्थापित भएर रहेका सबै सिरियाली मानिसको आगमनका लागि सिरियाले प्रतीक्षा गरिरहेको छ ।'

सिरियाका प्रधानमन्त्री मोहम्मद गाजी अल-जलालीले पनि आइतबार बिहानै पहिले नै तयार गरिएको एउटा सन्देशमा भनेका थिए कि सरकार मानिसहरूबाट चुनिएको कुनै पनि नेतृत्वसँग सहयोग गर्नका लागि तयार छ । उनले सिरियाली मानिसहरूलाई सार्वजनिक सम्पत्तिहरूको नोक्सानी नगर्न अपिल गर्दै भनेका छन्, "म यहाँ आफ्नै घरमा छु, कतै गएको छुइनँ, न त यसलाई छोड्ने इरादा नै छ ।" उनको यस बयानबाट स्पष्ट हुन्छ कि प्रधानमन्त्री विद्रोहीहरूको सर्त मान्न र उनीहरूलाई सत्ता सुम्पिन तयार छन् । अर्कोतिर विद्रोही समूह एचटीआईका नेता अबु मोहम्मद अल-जुलानीले पनि विद्रोही शक्तिसँग राज्यका संस्थानहरूलाई नोक्सान नगर्न आह्वान गरेका छन् । यद्यपि दमिस्कका सडकमा जुन प्रकारले ट्याङ्कहरू र बन्दुकसहित विद्रोही शक्ति देखिएको छ, त्यसले अहिले भर्खरै स्थिति सामान्य भइहाल्ने परिस्थिति देखिँदैन भन्ने विश्लेषण पनि भइरहेको छ ।

सन् २०११ को 'अरब वसन्त' मा धेरै देशमा सत्ता पल्टाएको देखिएको थियो । तीन/चार दशकदेखि सत्तामा राज गरिरहेका तथाकथित तानाशाहहरूलाई लोकतन्त्रको अभियानका नाममा उखेलेर फालियो पनि । होस्नी मुबारक, कर्नल कद्दाफी आदि जस्ता त्यतिबेला विश्वमा चर्चित शासकको सत्ता अन्त्य भयो । त्यस्तै खालको सफलता सिरियामा पनि प्राप्त गर्न कोसिस गरियो तर असदलाई शासन सत्ताबाट हटाउन बितेको १३ वर्षदेखि लामो प्रतीक्षा गर्नु परेको देखियो । 'अरब वसन्त' को क्रममा सिरियामा विद्रोहरूलाई असदको शासनले कडा दमन गरेको थियो । हुन त उनले सत्ता समालेको एक दशक मात्र भएको थियो तर उनको राजनीतिक दृष्टिकोण तानाशाहको भन्दा अलिक भिन्न थियो ।

सन् १९६५ सेप्टेम्बर ११ मा जन्मेका असदको पारिवारिक पृष्ठभूमि राजनीतिक थियो । उनका पिता हाफिज अल असद सन् १९७१ मा सिरियाको राष्ट्रपति बने । अनि सन् २००० सम्म त्यस पदमा कायम रहे तर बसर अल असदले राजनीतिको साटो चिकित्सा क्षेत्रको बाटो पक्रे । उनी लण्डनमा आँखा उपचार चिकित्सा शिक्षा पढिरहेका थिए । सन् १९९४ जनबरीमा उनका ठुल्दाजु बासेलको मृत्यु भयो । जसलाई स्वभाविक रूपमा सिरियाको अर्को राष्ट्रपति मानिँदै थियो । यसरी ठुलो दाइको मृत्यु भएपछि बसर अल असद राजनीतिमा आए । पिताको मृत्यु पछि सन् २००० मा उनले राष्ट्रपति पदको शपथ लिए । सत्ता समाल्दै गर्दा उनले 'पारदर्शिता, लोकतन्त्र, विकास र आधुनिकीकरण' का कुरा गरेका थिए । छोटो समयका लागि भए पनि सिरियामा अभिव्यक्तिको स्वतन्त्रता, नागरिक स्वतन्त्रता जस्ता कुराले स्थान पाए । त्यसलाई 'दमिस्क स्प्रिङ' पनि भन्ने गरिएको थियो तर त्यो 'वसन्त' पनि चाँडै समाप्त भयो । अनि आफ्ना देश वरिपरिका छिमेकी देशमा बनिरहेको विपरीत परिस्थितिका कारण असदले पनि दमनकै बाटो पक्रिए । इराकमाथि अमेरिकी हमला, लेबनानको माध्यमबाट सिरियामाथि नियन्त्रण प्रयास, अरब वसन्त, इराकमा इस्लामिक स्टेटको उभार, गाजामाथि इजरायली हमला आदि बितेका डेड दशकका यी यावत् घटनाक्रमले असदलाई उनको पहिलाको राजनीतिक सोचभन्दा भिन्न र विपरीत काम गर्न बाध्य पारेको समेत यतिबेला विश्लेषण गरिँदै छ । पश्चिमा शक्तिहरूको सामना गर्नका लागि हिज्बुल्लाहको सहयोग र साथ सिरियालाई मिल्दै रह्यो तर प्यालेस्टिनीलाई सर्वनाश तुल्याउनुको सँगसँगै इजरायलले हिज्जबुल्लाहका पनि शीर्षस्थ नेताहरूलाई मारिदियो । फलतः यस पटक सिरियालाई साथ सहयोग दिने शक्ति हिज्जबुल्लाहमा पनि रहेन । इरानको पनि त्यस्तै हबिगत हुन पुग्यो । अर्कोतिर रुस पनि युक्रेन युद्धमा फँसेको स्थिति रह्यो । त्यसले गर्दा पछिल्लो पटक सिरियालाई रुसको मद्दत मिल्न सकेन । असदले अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पसँग मद्दत मागेका थिए तर उनलाई त्यसमा पनि निराशा नै हात लाग्यो । ट्रम्पले पूर्व राष्ट्रपति बाराक ओबामाका नीतिहरूलाई जिम्मेवार ठहराए । साथै उनले यसको पछाडि रुसलाई पनि जिम्मेवार बताए । उनले भने यो हाम्रो लडाइँ होइन । अमेरिकाले यस लडाइँमा सामेल हुनु हुँदैन । विश्लेषकहरू भन्छन्, "गएको आइतबार अर्थात् ८ डिसेम्बरका दिन दमिस्कमा त्यस्तै स्थिति देखियो ।" जस्तो यसअघि अफगानिस्तान, श्रीलङ्का, बङ्गलादेश आदिमा देखिएको थियो । विमानस्थलमा भागभाग छ, मानिसहरू सुरक्षित बाहिर निस्कन चाहन्छन् त्यही अर्कोतिर मानिसहरू स्वतन्त्रताको खुसियाली पनि मनाइरहेका छन् । उता अर्कोतिर राष्ट्रपति भवनमा लुटपाट मच्चाउने, तोडफोड गर्ने जस्ता सिलसिला पनि चलिरहेका छन् । यसरी असद परिवारको शासनको दुःखद अन्त्य सिरियामा भएको छ तर अब के त्यहाँ शान्ति र सुखमय भविष्य छाउला र नागरिकले सुरक्षित महसुस गर्लान् ? भन्ने प्रश्न खडा छ । अब जुन सत्ता स्थापित होला त्यसको स्वरूप कस्तो हुने हो, महाशक्तिहरूको भूमिका र दबाबमा नआइकन कुनै सरकारको गठन होला यी गम्भीर महत्वपूर्ण प्रश्नहरूको सही उत्तर आउला कि नआउला अहिले प्रतीक्षाको विषय छ । त्यहाँ जनताले आफ्नो देशका आवश्यकता र स्थिति अनुकूलको जनलोकतन्त्र अपनाउन सके र त्यसका लागि शतत जागरूप भएमात्र तिनको भविष्य सुरक्षित हुने अहिलेसम्मको अनुभवले दर्शाउँछ ।

# कवि शिरोमणि लेखनाथ र चन्द्रगढी, भद्रपुर



• प्रा.डा. बद्रीविशाल पोखरेल

कुनै पनि नगर र जिल्ला कङ्क्रिटको जङ्गलले मात्र शोभायमान हुँदैन । कला साहित्य संगीत र संस्कृतिले कुनै पनि देशको आन्तरिक र बाह्य सौन्दर्य सुशोभित हुन्छ । भद्रपुरस्थित चन्द्रगढीको बीच सडकमा कवि शिरोमणि लेखनाथ पौड्यालको प्रतिमा स्थापित रहेको छ । यही शालिक वा प्रतिमा यस जिल्लाको शोभा,कान्ति र सौन्दर्य हो । अझ लेखनाथ पुस्तकालयको स्थापनाले जीवन र जगत् बोध गर्न र गराइरहेको छ । सत्ता शक्ति र सम्पत्ति त क्षणिक हुँदो रहेछ । हाम्रा पुर्खाहरुले विषय विज्ञ,विद्वान् र स्रष्टाको महत्व र मर्म बुझेर स्वदेशे पूज्यते राजा विद्वान् सर्वत्र पूज्यते भनेका हुन् । त्यसैले समादरणीय गौरवशाली स्रष्टाका स्मृतिमा शालिक र पुस्तकालय स्थापना गर्नु अत्यन्त महत्वपूर्ण विषय हो । फूल जहाँ फुल्छ त्यसले वरपर सुगन्ध र सौन्दर्य प्रवाह गर्छ । त्यसैले झापा र चन्द्रगढीमा हुने गरेका साहित्यिक सांस्कृतिक कार्यक्रममा जाने अवसर मलाई पनि मिल्ने गरेको छ । यस अवसरमा झापाका आदरणीय वरिष्ठ ,अग्रज तथा साधनारत स्रष्टहरुसित मधु मिलन हुँदा विशिष्ट खालको अनुभूति हुन्छ । देशलाई धनी तथा समुन्नत बनाउने सर्जकसितको मिलन अद्भूत आनन्दको अनुभूति हुन्छ ।

सरदर मानिस धन दौलतका लागि मरिहत्ते गर्छन् । यस्तै विषयमा इटहरीका एक बुद्धिजीवीले धन दौलत कति भए पुग्छ भनेर फेसबुकमा लेखेछन् । त्यसमा धेरैले टिप्पणी गर्ने क्रममा घरबार,कार,सुन चाँदी आदि धनसम्पत्तिको कुरा गरेका रहेछन् । यो देखेर मलाई अलि चिन्ता भयो र दुख्ख पनि लाग्यो । अनि मैले तपाईँहरु सबैभन्दा महत्वपूर्ण धन ज्ञान,विद्या,सिर्जना जस्ता विशिष्ट महत्वका धनलाई किन बिर्सनु हुन्छ भनेर मैले पनि खरो टिप्पणी उल्लेख गरिदिएँ । यसको मतलव धन दौलतको महत्व नभएको होइन तर बौद्धिक धनलाई पनि हामीले उचित कदर गर्नै पर्छ । यसो गर्नका लागि यही विषयका विज्ञ र प्राज्ञ व्यक्ति र व्यक्तित्वहरु लागि पर्नु पर्छ । जसले जुन विषय क्षेत्रको महत्व बुझेको हुन्छ उही व्यक्ति र समूह सम्मानजनक स्थान र मान दिन लागि पर्नुपर्छ । यसले समाजमा ठूलो सकारात्मक प्रभाव पार्छ । लेखनाथ पुस्तकालय लेखनाथकै प्रतिमा स्थापना गर्ने झापाली तथा चन्द्रगढीका व्यक्तित्वहरुलाई म सलाम गर्न चाहन्छु । कम्तीमा गर्नेहरुलाई प्रोत्साहित गर्नुपर्छ । कुनै पनि स्रष्टा देशभक्त तथा राष्ट्रप्रेमी हुन्छ । यो परिचय तमाम स्रष्टाको हुन्छ र हुनुपर्छ । देशभक्तिका र राष्ट्रप्रेमका विविध विचार, लेखन र भावनाका कारण स्रष्टाहरु आआफ्ना भिन्न भिन्न लेखन धारमा बाँडिन्छन् । यसलाई अन्यथा भन्न मिल्दैन । बहुभाषी, बहुभेषी, बहु विचार र मान्यताको समाजमा सिर्जनात्मक विविधता स्वाभाविक हुन्छ । गणतन्त्र कालमा देशको परिचय नै विस्तारित भएको छ । उहिल्यै जस्तो एक जात,जाति,धर्म,संस्कृति र समुदाय विशेषका रुपमा परिचित नेपाल वास्तवमा सबै जातको फूलबारी बनेको छ । यो कुरा झापाली उपन्यासकार ज्ञानु बुढाथोकीको याङरुप उपन्यासमा उल्लिखित रहेको छ । वेद, मुन्धुम र त्रिपिटक आदि ऐतिहासिक मूल्यवान् ग्रन्थहरु र सांस्कृतिक विविधताका बीच एकता नै नेपालको अहिलेको मूल पहिचान हो भन्ने उपन्यासमा विस्तृत रुपमा औपन्यासिक कलाका साथ उपस्थापित गरेको पाइन्छ । त्यसैले कवि शिरोमणि लेखनाथ पौड्यालले तरुण तपसी महाकाव्यमा उल्लेख गरेझैँ अधिकांश सर्जकहरु म खाउँ मै लाउँ अरु सब मरुन् दुर्बलहरु किमार्थ भन्दैनन् । उनीहरु आफैँले पाए सबैले पाए भन्दैनन् र त्यसैगरी आफूले खानपाए सबैले खाए र अघाए पनि भन्दैनन् । सडकको बीचमा जाडोले लुगलुग कामेको बटुवा देखेर कविहरु अत्यन्त दुःख्खित र द्रवित हुन्छन् । र आफूले लगाएको लुगा समेत बटुवालाई दिन्छन् । तर हाम्रा पुर्खाहरु के अपवादका बुद्धिजीवी र विद्वान्लाई कटाक्ष गर्छन् । उनीहरु सर्पका टाउकामा मणिजडित विद्वत्ताका पगरी अनेक हुन्छन् तर ती स्वभाव वा अन्तरमनले सर्प समान दुष्ट पनि हन्छन् पनि भन्छन् । स्रष्टा कलावादी र जीवनवादीका रुपमा पनि चिनिन्छन् । कला कालाका लागि भात भातका लागि पढ्नु पढ्नका लागि भन्ने सर्जक पनि छन् तर अर्कातिर कला साहित्य जीवनका लागि भन्नेहरु पर्याप्त देखिन्छन् । यिनले जनतालाई र समाजलाई माथि उठाउन र उकास्न नै कलात्मक लेखन गर्नु पर्छ भन्छन् । आर्थिक र भौतिक रुपमा कमजोर भए पनि साहित्यकार र कलाकार देशका अमूल्य निधि हुन् । यिनले नै गर्दा समाज र देश विदेशमा पनि परिचित हुन्छ । त्यसैले ऋषि समान कवि शिरोमणि लेखनाथ पौड्याललगायत आदरणीय साहित्यकारप्रति हामीले श्रद्धापूर्वक नमन गर्नु पर्छ र लेखनाथ वाचनालयमार्फत् पठन संस्कृतिलाई जनजनमा फैलाउनु पर्छ । अझ बालबालिकालाई यस दिशातिर डोऱ्याउनु पर्छ । २०,२२ वर्षका युवालाई भन्दा ससाना काँचा माटालाई पठन संस्कृतितिर कलात्मक रुपमा लगाउन सकिन्छ । यसको विधिका बारेमा यस लेखलाई आफ्नै प्रयोग र व्यावहारिक अनुभव पनि रहेको छ । यसो गरे कसो होला ? गर्न जानियो भने श्रीखण्डै श्रीखण्ड छ । हर बालबालिका र युवालाई असल र योग्य बनाउन सकिन्छ ।

# सडक दुर्घटनामा कमेडियन हिक्मत महराको निधन



झापा(प्रस) । कमेडियन हिक्मत महराको निधन भएको छ । महराको सडक दुर्घटनाका कारण निधन भएको हो । 'कमेडी च्याम्पियन' सिजन २ बाट चर्चामा आएका महरा कैलालीको गोदावरी नगरपालिका-४, गोदावरीस्थित भीमदत्त राजमार्गमा दुर्घटनामा परेका हुन् । उनले मोटरसाइकल सडकमा रोकिराखेको ट्रकसँग ठोक्किएको थियो ।

दुर्घटनामा गम्भीर घाइते भएका महरालाई उपचारका लागि सेती प्रादेशिक अस्पतालमा पुर्याइएको थियो । उपचारको क्रममा उनको निधन भएको हो । उनको निधनमा निर्देशक विशाल भण्डारी, कमेडियनहरू हिमेश पन्त, मेक्सम गौडेल, भरतमणि पौड्याललगायतले सामाजिक सञ्जालबाट श्रद्धाञ्जली दिएका छन् ।

'कमेडी च्याम्पियन'को दोस्रो सिजनबाट निकै चर्चामा आएका ३० वर्षीय महरा शुक्लाफाँटा नगरापालिका-११ कलुवापुर बनसाहका बासिन्दा थिए ।

# अवैध आयातले चिनी उद्योग समस्यामा

झापा(प्रस) ।चिनी उद्यमीले नेपालमा अवैध चिनी आयातका कारण आफूहरू सङ्कटमा पर्दै गएको बताएका छन् । नेपाल चिनी उद्योग संघले पत्रकार सम्मेलन गरी चिनी उत्पादनको सिजनमा समेत बिक्री गर्न नसकिएको जनाएको छ ।

संघका अध्यक्ष शशिकान्त अग्रवालले अनधिकृत र अनियन्त्रित चोरीपैठारीका कारण आफ्ना उद्योगको चिनी नबिकेको भन्दै अवस्था यस्तै रहे उखु किसानलाई भुक्तानी गर्न समस्या पर्ने औँल्याए ।

पत्रकार सम्मेलनमा दिइएको जानकारी अनुसार नेपालमा वार्षिक दुई लाख ५० हजार मेट्रिक टन चिनी खपत हुन्छ । गत आव २०८०/८१ मा एक लाख ७८ हजार मेट्रिक टन चिनी नेपालभित्रै उत्पादन भएको थियो भने २० हजार मेट्रिक टन औपचारिक माध्यमबाट आयात भएको थियो । बाँकी करिब ५० हजार



मेट्रिक टन अवैध आयात भएको आकलन उद्योगीको छ । नेपालमा भन्दा भारतमा प्रतिकेजी करिब १५ रुपियाँ सस्तो पर्ने र अवैध आयात गर्दा करसमेत नतिर्ने हुँदा अवैध आयात फस्टाएको अग्रवालले बताए ।

"सीमा सुरक्षामा खटिएका सुरक्षाकर्मी तथा राज्य संरचनाले यसमा ध्यान दिएर तस्करी रोक्नु आवश्यक छ," अग्रवालले भने, "हाम्रो चिनी यही कारण अहिले बिकिरहेको छैन । यो अवस्थामा किसानलाई भुक्तानी गर्ने रकमसमेत प्राप्त नहुने खतरा छ ।"

संघका अनुसार गत वर्षको करिब पाँच हजार मेट्रिक टन चिनी पनि उद्योगीसँग मौज्दात नै छ । अग्रवालले नेपाल भारत सीमा क्षेत्रमा साइकल तथा स्कुटर प्रयोग गरी अवैध रूपमा चिनी ल्याएर भण्डारण गर्ने क्रम जारी रहेको सूचना आफूले पाएको बताए ।

# कांग्रेसको गाउँभेला शुरु

विर्तामोड (प्रस) । नेपाली कांग्रेसले गत असोज ७ गतेदेखि शुरु गरेको सयदिने विशेष सांगठनिक अभियानअन्तर्गत झापामा बुधवारदेखि गाउँभेला शुरु भएको छ ।

झापाका १५ पालिकामा वडाभेला अन्तिम चरणमा पुऱ्याएको नेपाली कांग्रेस झापाले गाउँ/नगर भेला शुरु गरेको हो । कांग्रेस केन्द्रीय गाउँभेला सम्पन्न भएको छ ।

अभियानका केन्द्रीय प्रतिनिधि दीपक गिरीले गाउँभेलाको उद्घाटन गर्दै बुद्धशान्तिका केही वडाको प्रमुख समस्याका रुपमा रहेको सुकुम्बासी एवं अब्यवस्थित बसोबासीहरुको समस्या समाधानका लागि पहल गर्ने र धनिपुर्जा वितरण कार्यमा सहयोग पुऱ्याउने आश्वासन दिए ।

बुद्धशान्ति गाउँ समितिका सभापति चक्र शेर्माको सभापतित्वमा सम्पन्न कार्यक्रममा नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेवे, कोशी प्रदेश समिति सदस्य विमल आचार्य र रञ्जिता कार्की, नेपाली कांग्रेस झापाका उपसभापति केशवराज पाण्डे, जिल्ला प्रतिनिधि एवं १ नम्बर क्षेत्रीय सभापति इन्द्रबहादुर बुढाथोकी, २ नम्बर क्षेत्रीय



समितिको निर्देशन र नेपाली कांग्रेस झापाको गत मंसिर २ गते अभियानका लागि केन्द्रीय प्रतिनिधि दीपक गिरीको आतिथ्यमा सम्पन्न बैठकले मंसिर ११ गतदेखि पौष पहिलो सातासम्ममा वडा र पालिका भेला सम्पन्न गर्ने निर्णय गरेको थियो ।

सोही बमोजिम बुधवार नेपाली कांग्रेस बुद्धशान्ति गाउँसमितिको पार्टीले सञ्चालन गरेका गतिविधिहरुलाई सामाजिक सञ्जाल र आइ.टि.मार्फत ब्यापक प्रचार-प्रसार गर्न उनले कार्यकर्तालाई आग्रह गरे । आन्तरिक निर्वाचनमा प्रतिष्पर्धा स्वाभाविक भएपनि निर्वाचनपछि संगठनमा मेलमिलाप र अपनत्व ग्रहण गरेर हिड्दामात्रै संगठन बलियो हुने भन्दै उनले एकजुट भएर संगठनलाई बलियो बनाउन कार्यकर्तालाई आग्रह गरे ।

सभापति खगेन्द्र मैनाली, बुद्धशान्ति गाउँपालिका अध्यक्ष मनोज प्रसाई, बुद्धशान्ति-४ का वडाध्यक्ष शेरबहादुर रायलगायतले शुभकामना मन्तब्य राखेका थिए ।

गाउँसमितिका उपसभापति मनिश दाहालले स्वागत गरेको कार्यक्रमको सञ्चालन सचिव मदन मगरले गरेको नेपाली कांग्रेस झापाका कार्यालय सचिव जयकुमार दाहालले जानकारी दिए ।

# बिर्तामोड ३ मा सडक निर्माण धमाधम



बिर्तामोड(प्रस) । झापाको बिर्तामोड वडा नम्बर ३ का विभिन्न टोलमा सडक निर्माण तथा स्तरोन्नतिका काम धमाधम भइरहेको छ । संघ, प्रदेश, नगरपालिका र वडाको आफ्नै बजेटमा प्लम निर्माण, कालोपत्रे, पेवर्स लगाउने, कल्भर्ट निर्माणलगायतका कामहरु धमाधम भइरहेका हुन् ।

अहिले शुभलक्ष्मी टोल नम्बर ४ को २४६ मिटर सडकमा प्लम निर्माण कार्य भइरहेको वडा नम्बर ३ का वडा सदस्य हरि बाँस्कोटाले जानकारी दिए । प्लम निर्माणको काम उपभोक्ता समितिमार्फत भइरहेको छ । निर्मल उप्रेतीको अध्यक्षतामा उपभोक्ता समिति निर्माण भएको छ । उपभोक्ता समितिको ९७ हजार र वडाको ४ लाख रुपैयाँ गरी कुल ४ लाख ९७ हजार रुपैयाँ बजेटमा काम भइरहेको वडा सदस्य बाँस्कोटाले बताए । झापाली विल्डर्ससँग सम्झौता भएको र सम्झौताअनुसार धमाधम काम अघि बढेको निर्माण कम्पनीका डिकबहादुर कुँवरले जानकारी दिए ।

# शिक्षकहरूलाई राजनीतिमा धकेल्नु हुँदैन : शिक्षाविद् माथेमा

झापा(प्रस) ।शिक्षाविद् प्राडा केदारभक्त माथेमाले शिक्षकहरूलाई राजनीतिमा धकेल्न नहुने बताएका छन्। संसदको शिक्षा समिति बैठकमा विज्ञहरूको तर्फबाट विद्यालय शिक्षा विधेयकमाथि सुझाव दिँदै माथेमाले शिक्षकलाई राजनीतिक मुक्त गराउनुपर्ने बताएका हुन। राजनीतिक दलमा आबद्धता त्याग्नुपर्ने उनको भनाइ छ।

तालिमप्राप्त शिक्षक हुँदाहुँदै सार्वजनिक विद्यालयको नतिजा कमजोर रहेको बताउँदै उनले त्यसका लागि नयाँ बन्ने ऐनमा विभिन्न विषयहरूलाई जोड दिनुपर्ने बताए।

बढ्दो राजनीतिका कारण शिक्षा क्षेत्र दिन प्रतिदिन धराशायी बन्दै गएको बताउँदै उनले त्यसका लागि शिक्षकलाई राजनीतिमा धकेल्न नहुने बताए । विगतमा शिक्षामा अपनत्व रहेको बताउँदै अहिले त्यो नभएको बताए। त्यस्तै विद्यालय व्यवस्थापन समिति प्रधानाध्यापकको कार्यकारी परिषद् भएकाले त्यसलाई स्थानीय स्तरमै हुनुपर्ने बताए।

'भान्से मेरो घरप्रति जिम्मेवार हुनुपर्छ, न कि टाढाको छिमेकीप्रति। त्यसैले शिक्षालाई स्थानीय तहमा अधिकार दिनुपर्छ। विद्यालय व्यवस्थापन समिति हेडसरको कार्यकारी परिषद् हो,' उनले भने।

जुन खालको शिक्षा हुनुपर्ने हो त्यो हुन नसकेको बताउँदै त्यसका लागि ऐन बलियो बनाउनुपर्ने बताए। अहिले निजी क्षेत्रमा सहभागी बढिरहेको बताउँदै सार्वजनिक विद्यालयहरूको भागाभागको अवस्था रहेको बताए।


## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

**मेष** — वाणीमा कुशलता आउने दिन परेको छ । मिल्ने साथीको सुझावले महत्त्वपूर्ण

**वृष** — वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । वस्त्र लाभ पनि हुनसक्छ ।

**मिथुन** — आज छोटो दुरीको लाभदायक यात्रा हुनेछ । राज्यबाट मान सम्मान मिल्नेछ ।

**कर्कट** — धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । वाहन सुख पनि मिल्नेछ ।

**सिंह** — आज स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ । अरुको लागि दौडधुप गर्नु पर्नेछ ।

**कन्या** — चोटपटक पनि लाग्न सक्छ । यात्रा गर्ने अवसर पनि जुट्नेछ ।

**तुला** — आज शुभकार्यमा सहभागिता जनाइने छ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ ।

**वृश्चिक** — पुंजी बजारमा सफलता मिल्ने छ । आर्थिक क्षेत्र राम्रै होला ।

**धनु** — आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ ।

**मकर** — आतिथ्यपूर्ण सम्मान पाइएला । वैदेशिक कार्य अघि बढ्नेछ ।

**कुम्भ** — मनमा हर्ष, उमङ्ग र उत्साह छाउला । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

**मिन** — कला र गलाको प्रभाव बढ्नेछ । दाम, इनाम र प्रतिष्ठा पनि कमाउने बेला छ ।